CC-0. Digitized by eGangotri and MIDF- Delhi

'गजेन्द्रमोक्ष'

भागवतान्तर्गत मूलसंस्कृत र श्लोकवद्ध

भाषानुवाद

लेखक-

कृष्णप्रसाद रेग्मी

गौरीघाट

प्रकाशिका-

लक्ष्मी गौतम

गौरीघाट

मू० श्रद्धा

पुस्तक प्राप्ति स्थानः

पञ्च मुखि हनूमान केन्द्र, गौरीघाट

वि.स २०५९ , आठवां संस्करण ५००

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

❀ श्रीः जय दुर्गे ❀

भूमिका

करार विन्देन पदारविन्दं
मुखारविन्देऽभिनिवेशयन्तम् ॥
वटस्य पत्रस्य पुटे शयानं
बालं मुकुन्दं मनसा स्मरामि ॥

यो गजेन्द्र स्तुति श्रीमद्भागवतको अष्टम स्कन्धको तृतिय अध्यायमा पर्दछ । विहान सवेरै उठेर जस्ले पाठ गर्दछ त्यसलाई देहान्त समयमा सद्बुद्धिदी परमेश्वरको याद परमेश्वरलेनै गराई बक्सिन्छ (तेषां प्राणत्यये चाहं ददामि विमलां मतिम्) त्यसैले यो स्तुतिको ठूलो महत्व छ जस्मा निर्गुण तत्व ब्रम्हलाई प्रतिपादन गरेको छ । स्तुति भनेको ईश्वरको प्रार्थना हो, प्रार्थना आस्तिक मनुष्यको प्राण हो, दुःखी हृदयको आवाज हो, अनन्त भगवानको साथ अभिन्न गराउने साधन हो । भक्तहरुमा यो सानो गजेन्द्र मोक्षको पुस्तक आठौं वार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रभुले दोषको वास्ता नगरी यो मेरो स्तुति हो भनी स्वीकार गरी बक्सिएको छ। कुनै रसात्मक काव्यकला यस्मा छैन ता पनि जसरी माता पिताले आफ्नो बालकको तोते बोली लाई प्यारो मानी सुनी रहन्छन् यस्तै यो पुस्तकको पनि बारंबार माग भईरहनु प्रभुले स्वीकृति गरी बक्सिएको हो।

यो गजेन्द्र मोक्ष पुस्तक स्वर्गीय पतिदेव गोविन्द्र प्रसाद गौतमको स्वर्गीय आत्मालाई परं शान्ति मिलोस बैकुण्ठ वास हवस भनी आठौं वार प्रकाशन गर्ने लक्ष्मी देवीले भक्तहरुमा निःशुल्क प्रदान गर्नु भएकोछ धर्म कर्ममा ज्यादे ठूलो श्रद्धा गर्ने गौतमजीको धर्म कर्ममा श्रद्धा पनि रहोस भनी गजेन्द्र दुःख हारी श्री कृष्णमा भक्ति लागी रहोस भनी प्रार्थना गर्ने।

प्रकाशिका

लक्ष्मी गौतम

कृष्ण प्रसाद रेग्मी
गौरीघाट हनुमान चोक
पुराण स्थान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बालमुकुन्द

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाग्मती स्तुति

श्री वाग्मती भगवती नरसिंहवाणी
हे अम्बिके जयहवस् अमृताम्बु वाहिनो ॥
संसारको ताप र पाप नाशिनी,
लेऊ शिवे शरणमा तिमी हामीलाई ॥
सद्बुद्धि देउ जननी तिमी हाँमीलाई,
यो जीवनी सुखमयी र चिरायु राखी ॥
यस्तै सुकर्म गरदै दिन यो बिताउँ,
आखीर यो तन पनि तिमी मै विसाउँ ॥
यो प्राण पन्छी जब जान तयार हुन्छ,
तिम्रो किनार जलको यही आश गर्छ ॥
स्वस्थै भएर तन मन् हरिमाथि दिंदै,
श्री राम नाम जपदै तन यो छुटोस् है ॥

॥शुभम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृष्टि गोचर गराउन पाएकोमा सारै खुसी छु। भक्तवत्सल

गजेन्द्रमोक्ष

श्री शुक्र उवाच .....

एवं व्यवसितो बुद्धया समाधाय मनो हृदि ॥
जजाप परमं जाप्यं प्राग्जन्मन्यनु शिक्षितम् ॥

गजेन्द्र उवाच .....

ॐ नमो भगवते तस्मै यत एतच्चिदात्मकम् ॥
पुरुषायादिवीजाय परेशायाभिधीमहि ॥२॥
यस्मिन्निदं यतश्चेदंयेनेदं य इदं स्वंयम् ॥
योऽस्मात्परस्माच्च परस्तं प्रपद्ये स्वयम्भूवम् ॥
यः स्वात्मनीदं निजमाययार्पितं
क्कचिद्विभातं क्कच तत् तिरोहितम् ॥
अविद्धदृक् साक्ष्युभयं तदीक्षते
स आत्ममूलोऽवतु मां परात्परः ॥४॥
कालेन पञ्चतवमितेषु कृत्स्नशो
लोकेषु पालेषु च सर्वहेतुषु ॥
तमस्तदासीद् गहनं गभीरं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुनः कोर्हति गन्तुमीरितुम् ॥
यथा नटस्याकृतिभिर्विचेष्टतो
दुरत्ययानुक्रमणः स मावतु ॥६॥
दिदृक्षबो यस्य पदं सुमङ्गलं
विमुक्तसङ्गा मुनयः सुसाधवः ॥
चरन्त्यलोकव्रतमव्रणं वने
भूतात्मभूताः सुहृदः समे गतिः ॥७॥
न विद्यते यस्य च जन्म कर्म वा
न नामरुपे गुणदोष एव वा ॥
तथापि लोकाप्ययसम्भवाय यः
स्वमायया तान्यनु कालमृच्छति ॥८॥
तस्मै नमः परेशाय ब्रम्हणेऽनन्तशक्तये ॥
अरुपायोरुरुपाय नम आश्चर्यकर्मणे ॥९॥
नम आत्मप्रदीपाय साक्षिणे परमात्मने ॥
नमो गिरां विदूराय मनसश्चेतसामपि ॥१०॥
सत्वेन प्रतिलभ्याय नैष्कर्म्येण पिपश्चिता ॥
नमः कैवल्यनाथाय निर्वाणसुखसंबिदे ॥११॥
नमः शान्ताय घोराय मूढाय गुणधर्मिणे ॥
निर्विशेषाय साम्याय नमोज्ञानघनायच ॥१२॥
क्षेत्रज्ञाय नमस्तुभ्यं सर्वाध्यक्षाय साक्षिणे ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तस्य पारेऽभिविराजते बिभुः ॥५॥
न यस्य देवा ऋषयः पदं बिदुर्जन्तुः
पुरुषायात्ममूलाय मूलप्रकृतये नमः ॥१३॥
सर्वेन्द्रियगुणद्रष्ट्रे सर्वप्रत्ययहेतवे ॥
असताच्छाययोक्ताय सदा भासायते नमः ॥१४॥
नमो नमस्तेऽखिलकारणाय
निष्कारणायाद्भुतकारणाय ॥
सर्वागमाम्नायमहार्णवाय
नमोऽपवर्गाय परायणाय ॥१५॥
गुणारणिच्छन्नचिदुष्मपाय
तत्क्षोभविस्फूर्जितमानसाय ॥
नैष्कर्म्यभावेन विवर्जितागम
स्वयं प्रकाशाय नमस्करोमि ॥१६॥
मादृक् प्रपन्नपशुपाशविमोक्षणाय
मुक्ताय भूरिकरुणाय नमोलयाय ॥
स्वांशेन सर्वतनुभृन्मनसि प्रतीत
प्रत्यग्दृशे भगवते बृहते नमस्ते ॥१७॥
आत्मात्मजाप्तगृहवित्तजनेषु सक्तै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भजन्त इष्टां गतिमाप्नुवन्ति ॥
किन्त्वाशिषो रात्यपि देहमव्ययं
करोतु मेऽदभ्रदयो विमोक्षणम् ॥१९॥
एकान्तिनो यस्य न कञ्चनार्थ
वाञ्छन्ति ये वै भगवत्प्रपन्नाः ॥
अत्यद्भुतं तच्चरितं सुमङ्गलं
गायन्तआनन्दसमुद्रमग्नाः ॥२०॥
तमक्षरं ब्रम्ह परं परेश
मव्यक्तमाध्यात्मिकयोगगम्यम् ॥
अतीन्द्रियं सुक्ष्ममिवातिदूर
मनन्तमाद्यं परिपूर्णमीडे ॥२१॥
यस्य ब्रम्हादयोदेवा वेदा लोकाश्चराचराः ॥
नामरुपविभेदेन फल्व्या च कलया कृताः ॥२२॥
यथार्चिषोग्नेः सवितुर्गभस्तयो
निर्यान्ति संयान्त्यसकृत् स्वरोचिषः ॥
तथा यतोऽयं गुणसंप्रवाहो
बुद्धिर्मनः खानि शरीरसर्गाः ॥२३॥
सवै न देवासुरमर्त्यतिर्यङ्
न स्त्री न षण्ढो न पुमान्न जन्तुः ॥
नायं गुण; कर्म न सन्न चासन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुष्प्रापणाय गुणसङ्गविवर्जिताय ॥
मुक्तात्मभिः स्वहृदये परिभाविताय
ज्ञानात्मने भगवते नम ईश्वराय ॥१८॥
यं धर्मकामार्थविमुक्तिकामा
निषेधशेषो जयतादशेष; ॥२४॥
जिजीविषे नाहमिहामुयाकि
मन्तर्बहिश्चावृतयेभयोन्या ॥
इच्छामि कालेन न यस्यविप्लव
स्तस्यात्मलोकावरणस्य मोक्षम् ॥२५॥
सोऽहं विश्वसृजं विश्वमविश्वं विश्ववेदसम् ॥
विश्वात्मानमजं ब्रम्ह प्रणतोस्मि परं पदम् ॥२३॥
योगरन्धितकर्माणो हृदि योगविभाविते ॥
योगिनो यं प्रपस्यन्ति योगेशं तं नतोऽस्म्यम् ॥२७॥
नमो नमस्तुभ्यमसह्यावेग
शक्तित्रयायाखिलधिगुणाय ॥
प्रपन्नपालाय दुरन्तशक्तये
कदीन्द्रियाणामनवाप्य वर्त्मने ॥२८॥
नायं वेद स्वमात्मानं यच्छक्त्याहंधिया हतम् ॥
तं दुरत्ययमाहात्म्यं भगवन्तमितोस्म्यहम् ॥२९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री शुक्र उचाव.....

एवं गजेन्द्रमुपवर्णितनिर्विशेषं
ब्रम्हंदयोविवधलिङ्गभिदाभिमानाः ॥
नैते यदोपससृपुर्निखिलात्मकत्वात्
तत्राखिलामरमयोहरिराबिरासीत् ॥३०॥
तं तद्वदार्त मुपलभ्य जगन्निवासः
स्तोत्रं निशम्य दिविजैः सह संस्तुवभ्दि;
छन्दोमयेन गरुडेन समुह्यमान
श्चक्रायुधोऽभ्यगमदाशु यतोगजेन्द्र; ॥३१॥
सोन्तस्सरस्युरुबलेनगृहीत आर्तो
दृष्ट्वागरुत्मति हरि ख उपात्तचक्रम् ॥
उत्क्षिप्य साम्बुजकरं गिरमाह कृच्छ्रान्
नारायणाखिलगुरो भगवन्नमस्ते ॥३२॥
तं वीक्ष पीडितमजः सहसावतीर्य
सग्राहमाशु सरसः कृपयोज्जहार ॥
ग्राहाद् विपाटितमुखादरिणा गजेन्द्रं
संपश्यतां हरिरमुमुचदुश्रियाणाम् ॥३३॥

इति श्रमिद्भागवते महापुराणे पारमहंस्यां
संहितायामष्टम स्कन्धे गजेन्द्रमोक्षणे तृतीयोऽध्यायः ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री

जय दुर्गे

हरि शरणम्

गज स्तुति

मङ्गल्मपाउँजननी,
वीणा स्फटिक धारिणी ॥
पुस्तक् मयूरभैं तिम्रो,
बनू प्रिय सधैं भरी ॥१॥
ग्राहले गजको पाउ,
समात्ता अति आत्तिदैं ॥
नाथलाई पुकारेर,
भन्दछन् यहि वाक्यनै ॥२॥
'आतुर्भएको, म अनाथलाई,
इ ज्ञातिबन्धू, सव हात्तिआई,
छुटाउनु के, गरि नाथ इन्ले,
शरण महा पर्दछु दैव ऐले ॥३॥
यो काल सर्पै, भनि झस्कियेर,
जो जोडलेधाँउछ नाथनेर ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्ताशरणमा, पनि लीनयोग्य
भक्तै जनैको, सब दुःखभोग्य ॥४॥
नाशेर आफ्नो, पनि साथलीने,
हरि छ सबको सबदुःख हर्ने ॥

यस्तो मनैमा स्थिर खुबगरेर,
गजेन्द्रजीले अति आत्तियेर ॥
त्योपूर्वको नै जुनिमा गरेको,
अत्यन्त योग्य प्रभुको स्तुतियो ॥२॥
संझेर खाली प्रभुलाई मात्र,
रोयेर गर्छन, बनि धेर आर्त ॥

गजेन्द्र भन्दछन्

जो चेतना रुप हुँदात फेरी,
संसार यो, चेतन उत्ती खेरी ॥
योदृश्य सबको, पनि आदिकारण,
ईश्वरप्रभो, गर्दछु आज वन्दंन ॥२॥
यो विश्वजस्मा जसबाट हुन्छ,
जस्लेत संसार स्वरुप बन्छ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो विश्वदेखी पनि जोछ टाढा,
यो जीव भन्दा अति जो छ गाढा ॥३॥
त्यस्तोस्वयंभू, प्रभुको शरणमा,
पर्छु अहीले, अति आत्तिदामा ॥
आफ्नी ति माया तिनले रचेको,
कहि प्रकाशको कहि गुप्तरुप्को ॥४॥
दुवै अवस्था बिच साक्षि पन्ले,
रहेर हेर्ने सव कार्य जस्ले ॥
यो कार्यनाशै, दुइकोत द्रष्टा,
तेस्ता हरीले गर आज रक्षा ॥५॥
इन्द्रादि दिक्पाल सब नाशियेर,
यो विश्वनै कालमहाँ परेर ॥
सारै तमोरुप सब बाँकिहूँदा,
तेस्देखि पारै रहनैत जाँदा ॥६॥
सकिन्न जान्नै हृषिदेवताले,
हामीहरुले कसरी त जान्ने ॥
जस्तो नटूवाहरुले अनेक,
स्वरुप लींदा कसलेत चिन्छ ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सकिन्न भन्नै जसको चरित्र,
रक्षा म हूँ दुर्गमले पवित्र ॥
जसको सुमङ्गल पद हेर्नलाई,
संसारको सङ्ग सवै छुटाई ॥८॥
घुम्छन्मुनीश्वर्वनमा बसेका,
तेस्ता हरीनै गति दिव्य मेरा ॥
नां रुपकत्ति अनि जन्मकर्म,
गुण्दोष आदीहरु देखि भिन्न ॥९॥
छौतापनी यो सब विश्वलाई,
रचेर नाश्ने गरछौनि खाली ॥
आफ्नीति माया लिई जन्मकर्म,
गर्ने प्रभूमा शिरले प्रणाम ॥१०॥
अनन्तशक्तिपर ब्रम्ह रुप;
अरुप भै त्यो अनि धेर रुप ॥
आश्चर्य कर्मै गरने प्रभूमा,
गर्छु नमस्कार शिरले उनैमा ॥११॥
सब्को प्रकाशभइ आफुचांही,
स्वयं प्रकाशक सवको त साक्षी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाँणी र बुद्धि मनदेखि टाढा,
रहन्छ त्यस्मा शिरले प्रणाम ॥१२॥
यस्तै भएता पनि पण्डितैले,
त्यो शुद्ध कर्मैफल त्यागनाले ॥
पाइन्छ जोनाथ् प्रभू मोक्ष धाम,
लाई म गर्छु शिरले प्रणाम ॥१३॥
मोक्षैहरुको सव सौख्य भोग्ने,
हरे हजुर्को मछु पाउपर्ने ॥
विडम्बगर्ने गुणधर्मखाली,
जसदेखि उत्तम अरुछैन कोई ॥१४॥
त्यो शान्त रुपको अनि घोररुप्को,
त्योमूढरुप्को अतिज्ञान रुप्को ॥
त्यो साम्यरुपको प्रभूलाई खाली,
गर्छु नमस्कारशिर यो झुकाई ॥१५॥
स्वामी सबैको परमात्मरुप,
जीवस्वरुपी सवसाक्षिरुप,
त्यो पूर्णरुपी अतिहेतु रुप,
लाई नमस्कार छ धेर खूप ।१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ई इन्द्रियैका विषयै जतीहुन्,
द्रष्टा सबैको प्रभुलाई भन्छन् ॥
स्पर्शादिवृत्तिहरुकोत हेतु,
असत्यदेखी पनि जो छ मेतु●॥१७॥
जस्तै त छायाँहरु देखिदामा,
वस्तू यही हो भनि जान्नमाहाँ ॥
सकिन्छ तेस्ता प्रभुनाथलाई,
बिन्ती म गर्छु शिरयो नुहाई ॥१८॥
हेतु सबैको अनि आफु चाही,
कारण नभै अद्भुत कार्यसाक्षी ॥
जस्तो नदीले ति समुद्रलाइ ,
प्राप्तैतगर्छन् अति वेग बहाई ॥१९॥
तेस्तैगरी वेद र पाञ्चरात्र,
प्रभो हर्जुमा पुगिहुन्छ शान्त ॥
मोक्षस्वरुपी अति उत्तमैमा,
गर्छु नमस्कार शिरले उनैमा ॥२०॥
काठ्रुपगुण्भैं भइढाकिएको,
चैतन्य आगो भई आफुजोहो ॥

● यस्तै भनी अनुमान गर्न सकिने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रपञ्चि ति गुणहरुको त कार्यमा,
व्याप्तैहुने चेतन रुप सब्मा ॥२१॥
यो आत्म तत्वै अनुभवहरुमा,
खाली भएका जति शास्त्र सबमा ॥
आफ्नै प्रकाशले रहने हजूर,
लाइ नमस्कार छ धेर धेर ॥२२॥
जती मजस्ता पशुछन्प्रपन्न,
अज्ञान पाशो तिनको त काट्न ॥
मुक्तैस्वरुपी करुणानिधान,
आलस्यले हीन सुधासमान ॥२३॥
जो अंन्तरात्मा मनमा झलक्क,
ईजीव सबमा हुकुमी समर्थ ॥
संपूर्ण वस्तुहरुमा त टम्म,
हुने प्रभुका पदमा प्रणाम ॥२४॥
सर्बान्तरात्मा प्रभुनै भयेपनि,
स्त्रीपुत्र देहादि वृथाभिमानी ॥
जो मोहमा मग्न भई रहन्छन्,
तिन्ले कहिल्यै पनि पाँउदैनन् ॥२५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्गुण भएता पनि कार्य गर्ने,
समर्थ आत्मा सब रुप हुने ॥
यो देहमा क्यै प्रियनै नगर्ने,
तेस्ता जनैले अनुभव गरीने ॥२६॥
ईश्वर्प्रभूमा मत एक खाली,
गर्छु नमस्कार शिरयो झुकाई ॥
धर्मार्थ मोक्षै सब कामनाले,
युक्तै भएरै तनमन्दिनाले ॥२७॥
मन्ले रचेको सव कामना को,
भन्दा विशेष्ले फलधेर्दिने जो ॥
दयालु सारै हरिरुप देखी,
मुक्तै महूँ यो अति दुःखदेखी ॥२८॥
हजूर बाहेक कुनै विशेषले,
जान्दै नजान्ने प्रभुका स्वजन्ले ॥
सवै कुराको फल आश मूल्य,
छाडी हजूर्को यशकीर्ति तुल्य ॥२९॥
कथा समुद्रै बिच खूब डूबी,
गाएरमस्तै, बनने तिकोई ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आनन्दको रस्कन खूख चाटी,
मिल्छन्हजूर्मा सव दुःखछाडी ॥३०॥
अनन्तरुपी सव व्याप्त आद्य,
खाली छ आद्यात्मिक योगवाद्य ॥
अव्यक्तरुपी सवआत्मसाक्षी,
स्तुती म गर्छु, सुनिदेउ यत्ती ।३१॥
एकांशलेनै सब ई चराचर,
ब्रम्हादि द्यौता सवमा वरावर ॥
नांरुपको भेद गरेर खाली,
सर्वत्र आफै रहनेनि फेरी ॥३२॥
जस्तै ति अग्नी अनि सूर्यबाट,
ज्वाला र कान्ती खुप फैलिदात ॥
तस्तैइगुणका मन बुद्धिद्वारा,
शरीरकार्यै उतपन्नहूँदा ॥३३॥
आखीरफेरी उहिलीनहुन्छन्,
तेस्तै इकार्य जसबाट बन्छन्, ॥
न स्त्री नपुंसक न पुरुष मर्त्य,
पक्षी न जन्तु नत देव दैत्य ॥३४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नसत्कर्मै नत व्हौ असत्नै,
निषेध गर्दा सवदेखि भिन्नै ॥
रहन्छ बाँकी सवको पछाडी,
प्रकट हवस्त्यै अहिले अगाडी ॥३५॥
बाँचु म भन्ने पनि योत इच्छा,
उठतैन कत्ति अहिलेत ज्यादा ॥
बाहिर भित्रै जसले त ढाक्का;
जानिन्न कत्ती अति मोह पर्दा ॥३६॥
तेस्तोत जीवन्पनि हात्तिमा यो,
बाँचेर हुन्छु अनि फेरि कैपो ॥
यो आत्मको ज्ञान्पनि ढाक्छ जस्ले,
तेस्देखि मोक्षै यहि माग्छु ऐले ॥३७॥
जो विश्वरुप त्यसदेखि भिन्न,
छतापनि ऊ सव सृष्ठिगर्न ॥
संसार धन्नै सँगमा लिएका,
यो विश्व आत्मा निजनै बनेका ॥३८॥
ब्रम्हस्वरुपी पद श्रेष्ठलाई,
गर्छू नमस्कार शिरयो नुहाई ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो योग द्वारा सवकर्म पोलो
त्यै योगलेनै मनशुद्ध धोई ॥३९॥
तियोगिजन्ले जसलाई भज्छन् ॥
समाधि द्वारा जसलाई देख्छन ॥
उनै प्रभुमा मत एक खाली,
गर्छु नमस्कार्शिरयो झुकाई ॥४०॥
जिती नसकनु इनि लोभ क्रोध,
उत्साहमन्त्र प्रभु शक्ति जोछ ॥
इनी हरुले जब युक्त हुन्छन्,
योगैहरु जो अनि केत हुन्छन् ॥४१॥
इ इन्द्रियैका गुणलेत देख्ने,
प्रपन्नभक्तैहरुलाई पाल्ने ॥
असत्छ ई सव् जस को त इन्द्रियै,
त्यसता जनै को अति दूर टाढै ॥४२॥
अगम्य सारै प्रभुनाथलाई,
गर्छु नमस्कार्शिरयो झुकाई ॥
जस्की ति मायां तिनले गरेर,
जन्दैन कत्ती मति नाशिएर ॥४३॥
माहात्म्य जस्को कठिनैत बुझ्छु,
उनै प्रभुको मत पाऊपर्छु ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै ति द्यौताहरुको विशेष,
गरेन गज्ले स्तुतिमा हमेश ॥४४॥
हरेक्किसिंका अवतार्विशेष्ले,
ब्रम्हादि जोहुन्सव देवताले ॥
दर्शान्दिएनन्जव ती सुरैले,
संपूर्ण देवाश्रयनै हरिले ।४५॥
प्रपन्न गज्को स्तुतियो सुनेर,
गरुडमानै झट्पट् वसेर ॥
स्तुतितगर्ने सव देवताले,
संयुक्त संसार निवास वान्ले ॥४६॥
दुःखी भएका ति गजेन्द्रलाई,
देखेर सारै अतिहडवडाई ॥
जहाँथिए गज तिहि जानलाई,
हातैमहाँ चक्रलिई उजाई ॥४७॥
खाली● पर्ले पतगेन्द्रमाहाँ,
सवार्हुने श्री हरिलाई ताहाँ ॥

● *गजको पुकारा सुन्नासाथ पाउमा खराउ र गरुडमा काठो केही पनि लागेन भन्ने कथा पुराणान्तरमा र मूलमा पनि (सहसावतीर्य) यस्तो पाठ भएकोले हतार्ले गर्दा लागनेछ ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आर्तैवनेका तिगजेन्द्रजीले,
आकाश विच्मा हरिलाई देखे ॥४८॥
सुँढले चडाई अनि त्यो कमल्फन्,
सारै कठिन्ले यहिवाक्य भन्छन्
जगत्गुरो हे भगवन् समात्मन्,
नारायणैमा गरछु मवन्दन् ॥४९॥
गज्को अवस्था अति दुःखी देखी,
गरुडको नै गतिमन्द बूझी ॥
आकाशविच्मै झटपट्ट वर्ली,
चढाएको पङ्कज टप्प लीई ॥५०॥
चक्रै चलाई त्यसलाई मारी,
त्यो ग्राहदेशी सहजै छुटाई ॥
हेर्दाछँदाती सब देवतानैं,
गजेन्द्रलाई सरदेखि झट्टै ॥५१॥
चारैतिहात्को[1] पनी काम लीई,
उतारि वकस्यो गजराजलाई ॥

---

१ *एकहातले चढाएको फुल लीवक्स्यो अर्कोहातले चक्रवलाई अर्कोहातले गजलाई पाखामा झिकी अर्कोहातले शरीर सुम्सुम्याई बक्स्यो भन्ने कथा पुराणान्तर्मा छ ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्पर्शै हुँदामा भगवान कोनै,
वन्धनछुटीगो सव दुःखकोनै ॥५२॥
पीताम्बरादी भुजचारयुक्त,
भए तुरुन्तै सहयूज्यमुक्त ॥
उसैवखत्मा शिव ब्रम्हआदी,
सवै सुरैले जय[२] खुब्मनाई ॥५३॥
वाजावजाये सवरङ्गको ताहाँ,
नाचेर गाये ऋषिवृन्दले वहाँ ॥
सिद्धैहरुले स्तुति गर्नलागे,
ती अप्सराले फुलछर्न थाले ॥५४॥
भगवान् भन्नुहुन्छ
प्रियगज तिमिलेनै जोगऱ्यौ यो स्तुतीले,
उठिकनत सवैरै पाठगर्ने छ जस्ले ॥
तिनिहरु सवलाई प्राणजाने वखत्मा,
अतिशयशुभबुद्धी दिन्छु ती भक्तजन्मा ॥५५॥
एति भनेर हरिले अतिहोई खूसी,
त्यो पाञ्चजन्यकन जोड्सित खूवफूकी ॥

---

२ *जय भन्ने भगवान्को पार्यद भये ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सारा ति देवहरुको सव फौजलाई
पारेर खूसि मनमा भइगो सवारी ॥५६॥
आत्माबोध शवै हटेर रहने,
गजको पनि देहमा ॥
पूजा श्रीहरिको हूँदा अघि अति,
भैगोस्मरण हात्तिमा ॥५७॥
हे राजन गजमोक्ष कृष्णमहिमा,
मैले जति यो भने ॥
कीर्तिस्वर्ग दिने पढेर सुनदा,
दुःस्वप्नपाप् नाशने ॥५८॥

१. हाईक्षुँ ठेसलाग्दामा, अकस्मात्हरयेनम;
जसलेभन्छ चिच्याई, अति आर्त वनिकन ॥
उसैबखत्सवैपाप, पनि नाशभईकन ।
प्रभुको पाउ पायेर, भस्छ मग्न भईकन ॥

१. पतितस्खलितोबार्त छुत्वावा विवशोब्रुनन् ॥
हरये नम ईत्युच्चैर्मच्यते सर्व पातकात् ॥"भागबते"
हरि ॐ तत्सत् श्रीमद्भागवतको गजेन्द्रस्तुति समाप्तम् ॥

॥ शुभम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजा इन्द्रसंगको सङ्ग्राममा बृत्रासुरको उद्‌गार

हजूर पाऊ लिन गर्छ आश
त्यस्ता जनैको वनु दासा दास ॥
यो चित्तले होस प्रभुकोत संझना
वचन् पनि त्यै गुण गान गर्न ॥
सेवादि गर्न हरि मूर्ति माहां
शरीर लागो खुशि साथ वाँहाँ ॥
आध्यात्मिकै यो तिन तापलेनै
सञ्चीत कर्मैहरु वासनामै ॥
बन्धन परेको म छु आज यस्तै
कामादिले नै अति खिन्न मन्भै ॥
कमल् नयन हे प्रभुलाई ऐले
हेर्नैमाहां मन्यो लागोस् खुसीले
वच्चा वाछी स्नेहकी पत्नी जस्तै
यही आशा राख्तछु नाथ वन्नै ॥
नृदेहयो श्रेष्ट नपाई सकनुनी
डुङ्गा समानै गुरु माझीभै पनि ॥
हवा हरीको अनुकुल बहेको
हुंदा नतर्नु पनि आत्म घातहो ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोपिनीहरु उद्धव द्वारा भगवान
लाई सौगात टक्रयाउनु हुन्छ ॥
हाम्रा ई मनका बृत्ति कृष्ण पादार विन्दमा ॥
वोली श्री कृष्ण गानैमा देह यो नमनादिमा ॥
कर्मले घुमदा खेरी जती जे जन्म हुन्छ होस् ॥
धर्म दानादिले हाम्रो कृष्णमा प्रेम नै हवोस् ॥

राजा रहूगणलाई जड भरतको उपदेश

रहूगण त्यो तपलेर यज्ञले
संन्यस्त भैत्यो घरवार त्यागले ॥
ति पाठ पूजा जल अग्निसेवले
पाइन्न त्यो मिल्दछ भक्तसङ्गले ॥
रहूगण ह्यौ तिमिनै वटूवा
छोडी अहङ्कार गर प्राणिमा दया ॥
श्री कृष्णको भक्ति गरी तिखारी
यो ज्ञानलाई तरवार वनाई ॥
घर्वार देखि मन यो हटाई
संसार देखि मिति जाउ पारी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीः

श्रीगणेशायनमः

शिवापराधक्षमापनस्तोत्र

पैल्हेका कर्मवस्ले मकन बुःखदियो पापले जोगरिर,
विष्मुत्रादी अशुद्ध जननीजठरमा जाठराग्नि बलेर ॥
दिने बाधा बहूतै यति छ दुःखतहां, भन्न सक्नेतकोभौ,
माफी पाउं मत्योपाप शिवशिवशिवहे श्रीमहादेवशंभो ॥१॥

बालखमा दुःखसारै जिउभर मल, भै दूधको प्यास भारी,
शक्तिनै क्यै थिएन भवगुण जनित, जन्तुले टोकीमारी ॥
रुन्थे व्याधीवंरुले दिक भई शिवको संझनापो कहांभो, माफी० ॥२॥

पुग्दा यौवन्दशामा विषय विषलिने पांचले मर्मताकी
डस्तागैगो विवेक सुतधन युवती सोखको स्वाद्चाखी ॥
शैवी चिन्ता हराई हृदय विचमहां मान सेखी प्रबलभो- माफी० ॥३॥

वृद्धावस्थां जसै भो गतिमति सव गो तापले इन्द्रियैको
पापी व्याधीहरुले भई शिथिलअती छैन तागत्शरीर्को ॥
झूटो मोहाभिलाष्मा घुमिमन शिवको ध्यान छोडीदिनेभो माफी० ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पद्पद पिच्छे कठोरै अतिशय कशंरी गर्नु त्योस्मार्त कर्म
झन्केसर्क्थे म ब्रम्ह विषयक चतुरो गर्न त्यो श्रौत धर्म ॥
जाने धर्मै विचार्ले श्रवण मननको गर्नुके लौन शंभो माफी० ॥५॥

प्रातः काल्मा न गङ्गाजललिई शिवको स्नानलाई मआज्ने,
पूजाका निम्तिमानै दुःखसहि कहिल्यै बेलका पत्रल्याज्ने ॥
पद्मैमालार चन्दन फुलहरू प्रभुका निंतिल्याईन शंभो- माफी० ॥६॥

चीनी दुध घ्यूहरुले नत दहि मधुले स्नानमा चित्तलाज्ने-
फुल्चन्दले नपूजा गरिकन शिवको लिङ्ग शोभित्गाराज्ने ॥
धुपदीप नैवेद्य कर्पुर्गरिकन कहिल्यै भक्तिलाईन शंभो- माफी० ॥७॥

संभी मन्मा सदाशिव धनहरु कहिल्यै विप्रलाई दिईन-
बीजमन्त्रैले हजुरको अनलविचमहां लक्षहोमै गरीन ॥
गंगातिर्मा नियंले तप पनि गरिन मन्त्रसंझेर शंभो- माफी० ॥८॥

स्थिर्भै आसन्विचैमा प्रणवमयरुत्कुण्डलै जो रहेको
शान्तैरुप्को दबेको कमल अति असल ज्योतिरुपि भएको,
वेदैका वाक्य माहां नत घटविचका शङ्करैको स्मरण भो- माफी० ॥९॥

नाङ्गोभै सङ्गछोडी तिनगुण सहितै मोहको नाशपारी-
टुप्पैमा नाशिकाको लगिकन ति नजर्ध्यान् गरीयोन भारी ॥
हेनाथ ! गाढा विचार्ले नत अलि असल रुपको संझनाभो- माफी० ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गङ्गाधारी स्मरारी शङ्कर शाशी शोभित्भएका अनी-
सर्पै शोभित कण्ठ नेत्र विचमा आगोउठेको पनी ॥
लूगा त्यो गजचर्म को छ बढिया चौधै भुवनका धनी
शंभुको गर मुक्ति खातिर भजन्छोडी अरुका पनी ॥११॥

घोडा हात्तीर राज्य धन्हरु सवै ऐस्वर्यले गर्नु के-
छोरामित्र कलत्र देहपशुघर्पाएरपो हुन्छ के ॥
जानी त्यो सवथोक अनित्य मनले टाढै हटाई दिनू-
आफ्नैनीति सदालीइ गुरुवचन् श्रीशंभुनै सेवनू ॥१२॥

देख्तैमा विति जान्छ आयु दिन् दिन् यौवन उसै चालले
फर्की त्यो दिन आउ दैन कहिल्यै खायो जगत्कालले ॥
जल्को छाल समान चञ्चल धन विद्युत्सरी जीवन
रक्षा गुर्न पऱ्यो प्रभो मत शरण पर्छु गरी बन्दन ॥१३॥

कर चरण वचन्ले कर्मले देहले यो,
श्रवन नयन मन्ले पाप जो जो गरीयो ॥
अविहित विहितादी पाउं लौ माफ शंभो,
जय जय करुणाकर श्री महदेव शंभो ॥१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥ श्रीः जयदुर्गे ॥

आरतिः

जयनारायण ! जयनारायण ! जयनारायण ! राम हरे !
इह भवकूपे ह्यतिपतितं मां तारय तारय कृष्ण हरे ! ॥
पुरुषोतम ! दीनदयालो ! जयबदरीश ! राम कृपालो !
कृष्ण ! सुदर्शन ! व्यापक ! भगवन् ! जय योगेश्वर ! प्राणपते ! ज०
मुनिजनरक्षक ! सीतासहित ! दण्डकारण्ये-पादचर ॥
जय रासेश्वर ! जय मनोमोहन ! देबकीनन्दन ! नन्दप्रिय ॥ ज०
निज पितुराज्ञापालक ! भगवन् ! रघुवर ! रामचन्द्र प्रभो ॥
जय गोपाल ! जय बलप्राण ! जय जय यशोदाप्राणप्रिय ! ॥ ज०
जयचित्रकूटे-विहरणशील ! शैलजापतिहृदयस्थित ! ॥
बालमुकुन्द ! नवनीतचौर ! गिरिधर ! श्याम गोपप्रिय ॥ ज०
शिवधनुर्भञ्जक ! मुनिमनोरञ्जक ! पापविनाशक ! नामप्रिय ॥
जय बृन्दावनक्रोडनशील ! प्रियतम ! हृद्य ! नाटयप्रिय ! ॥ ज०
जयकाकुत्स्थ ! सत्यप्रतिज्ञ ! जयरघुनन्दन दाशरथे ! ॥
राधारमण ! शेषशयन ! जय मधुसूदन ! लक्ष्मीपते ! ॥ ज०
आरतिरेषा रविशशिविद्युत्पावकताराः पञ्च सुकल्पाः ॥
आरतिगायकौ नारदतुंबुरु किन्नरहाहागणानटाः ॥ ज०
कृष्णएष त्वयि कृष्णस्वरुपे मीलितुतिच्छति दीनपते ! ॥
पापःखलोऽयं दुष्ट इति मत्वा नहि त्यज भगवन् ! कृष्णमुरारे ज०८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीः

हरिः शरनम्

अयि दीनसमुद्धरोत्सुक ! ध्रुवप्रह्लादगजादिसंस्तुत ! ॥
शबरी-मुनिदाररक्षक ! अति-दुःखातुरद्रौपदीस्मृत ! ॥१॥
न धनं न बहुज्ञता विभो ! मयि नास्ति प्रभुसेवनं तथा ॥
गुणकर्मणि वञ्चितः प्रभो ! भवतो दूरतोऽस्म्यहं सदा ॥२॥
भववारिधिमग्नमादितस्तवपादाम्बुजभक्तिवर्जितम् ॥
शरणागतमात्मबालकं कृपया पालय भक्तवत्सल ! ॥३॥
भगवन् ! करुणानिधे ! हरे ! चरणौ विन्दुयवादिचिन्हितौ ! ॥
तव पूजन-कर्मणिस्थिते मम प्राणा विलयन्तु चान्तरे ॥४॥
शतशोनमनं भवन्तु ते ध्वजवज्राङ्कुशयुक्तपादयोः ॥
अथवैष गुणी तवाऽगुणी कृपया तारय वा नतारय ॥५॥

हरिः ॐ तत्सत्

"कृष्णरेग्मी"
गौरीघाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भागवत पञ्चम स्कन्धको दैत्यपुत्रप्रति प्रल्हादशिक्षा

संसारको मङ्गल दुष्ट शान्त हुन् ॥ आपस्तमा बुद्धि असल विचार्गरुन् ॥ अहैतुकी बुद्धि अधोक्षजै महां, लागोस हाम्रो मनकृष्ण भज्नमा ॥ स्त्रीपुत्र घर्वार्विषयादि वस्तुको ॥ सङ्गत नहोस होस् यदि होस भक्तको ॥ जो प्राण यात्रा गरी मुक्ति लिन्छन ॥ ती भक्त जस्ता विषयी हुदैनन ॥ सत्सङ्गवाट प्रभुकोत वैभव, ॥ सुन्दा कथा मानसमैल त्यो सब ॥ तीर्थादि भन्दा त्यसले पखाल्दछ ॥ त्यस्तो मुकुन्द प्रभुको चरित्र छ। जस्को छ भक्ति हरिमा अकिञ्चमा, ॥ त्याहाँ सुगुण ज्ञान र धर्म बस्छन भक्ति प्रभुको नभये ति सद्गुण ॥ मिल्ला कसोरि विषयी बनीकन ॥ आधार सबको हरिनै यथार्थ हो ॥ जस्तै छ आत्मा जल मत्स्य जातिको ॥ त्यागेर यस्तो हरिलाई दम्पती ॥ महत्व यै भो यसरि रहे पछि ॥ कारण यसैले रिस राग वासना, ॥ इत्यादिको मूल गृहस्थ शासना ॥ त्यागेर जन्म भय मृत्यु नाशक ॥ नृसिंह पाउ सवले भजन गर ।

श्री हरिः शरणम्

मुद्रकः त्रिशक्ति प्रिन्टर्श, काठमाण्डौ, नेपाल

Jayatu Sanskritam, Kathmandu, Nepal